कन्डिसनर (एसी) लगाएको खुलेको छ। सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ विपरीत उहाँले कैलारी गाउँपालिका-४, भितरियास्थित घरमा पालिकाको खर्चमा एसी लगाउनुभएको हो। अध्यक्ष चौधरीको घरमा डेढ टनका दुई थान र डेढ १.५ टनका एक थान एसी लगाइएको थियो। जेनजी आन्दोलनकारीले अध्यक्ष चौधरीको निवासमा आगजनी गरेपछि तीन वटै एसी जलेर नष्ट भएपछि यो कुरा बाहिर आएको हो।

ब्याट्री (भोल्टा दुई सय एएच), चार थान सिलिङ पङ्खा र इन्भर्टर (३२० भिए) एक थान लगाइएको थियो। यी सबै सामग्री जलेर नष्ट भएका छन्। आन्दोलनकारीले चौधरीको घरमा आगजनी गरेपछि उहाँको पक्की घर जलेर नष्ट भएको छ।

स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधासम्बन्धी व्यवस्थाका लागि सुदूरपश्चिम प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ बनाएको छ। त्यो ऐनमा गाउँपालिकाका अध्यक्षले

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल ।
(सूचना प्रकाशन मिति : २०८२।०६।२४)
नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्बन्धी सूचना ।
यस मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सम्बन्धित उद्यमीहरूले जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरूमा 'नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१' को अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा दश दिनभित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, यस विषयमा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाइट moicla.bagamati.gov.np अथवा जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरूमा सम्पर्क राख्नहुन अनुरोध छ।

तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को कसूरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय प्रस्तावका सम्बन्धमा सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र यस विभाग समक्ष आफ्नो सफाई पेश गर्नुहुन भनी मिति २०८२/०५/०६ को गोरखापत्रमा सूचना प्रकाशन गरिएकोमा तपाईबाट कुनै सफाई वा प्रतिकिया प्राप्त नभएको हुँदा तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को कसूरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने? सेवाबाट हटाउनु नपर्ने उचित र पर्याप्त कारण भए यो सूचना प्रकाशित भएका मितिले ३० दिनभित्र यस विभाग समक्ष आफ्नो सफाई पेश गर्नुहुन निजामती सेवा ऐन, २०४९ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

डेङ्गीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।

बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, नेपाल ।

(सूचना प्रकाशन मिति : २०८२।०६।२४)

## नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्बन्धी सूचना ।

यस मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सम्बन्धित उद्यमीहरूले जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरूमा 'नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१' को अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा दश दिनभित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, यस विषयमा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाइट moicla.bagamati.gov.np अथवा जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरूमा सम्पर्क राख्नहुन अनुरोध छ।

# बागमती प्रदेश सरकार
# उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

पत्र सङ्ख्या: ०८२।८३
चलानी नम्बर: ९६६

(उद्योग शाखा)

हेटौंडा, नेपाल

मिति: २०८२/०६/२४
ने.सं. ११४५ कौलागा चतुर्थी

श्री उद्योग तथा वाणिज्य कार्यालय सबै (१३ जिल्ला),
बागमती, प्रदेश।

विषय: नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम सम्वन्धमा।

प्रस्तुत विषयमा मन्त्रालयले हरेक वर्ष मंसिर ९ गते (उद्योग दिवसका दिन) प्रदेशभित्र उद्यम संचालन गरी प्रदेश अर्थतन्त्रमा महत्वपुर्ण योगदान दिने उद्यमीहरुमध्यबाट उत्कृष्ट उद्यमीहरु छनौट गरी सम्मान गर्दै आएको कुरा अवगत नै छ।

सोहि बमोजिम चालु आ.व. को स्वीकृत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम सम्पादन गर्नका लागि मिति: २०८२/०६/२२ गते (माननीय मन्त्रिस्तर) निर्णय भई मन्त्रालयबाट मिति: २०८२/०६/२४ गते नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिताका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी १० दिने सार्वजनिक सूचना गोरखापत्र दैनिकमा समेत प्रकासन गरीएको हुँदा सोका लागि प्रचलित कानून एवं नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१ बमोजिम प्रस्ताव लिई छनौट गरी मिति: २०८२/०७/१८ गते भित्र यस मन्त्रालयमा पठाउने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ।

२०८२/०६/२४

(टेकेन्द्र बहादुर थापा मगर)
अधिकृत सातौं

अधिकृत सातौं

बोधार्थ:

श्री माननीय मन्त्रीज्यूको सचिवालय, उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय बागमती, प्रदेश।

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा मकवानपुर।

फोन नं.: ०५७-५९०२६४, ०५७-५९०२६६, ईमेल: moiclrbagamati@gmail.com

अनुसूची २

दफा ८ को खण्ड (क) सँग सम्बन्धित (

पेश गर्नुपर्ने विवरणको ढांचा)

१. उद्यमीको नाम:

२. उद्योगको नाम:

३. उद्योगको उद्धेश्य:

४. उद्योग प्रकृति:

५. ठेगाना:

६. स्थापना र नविकरण मिति:

७. सम्पर्क फोन, मोबाईल, फ्याक्स, इमेल:

८. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने) :

९. के, कुन स्थानीय र बाह्य कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्यम गरिरहेको (स्थानीय र बाह्य स्रोत बुँदागत रुपमा खुलाउने) :

१०. वातावरणमैत्री उद्यम भए/नभएको (खुला स्थान, बगैचा, बोटबिरुवा, विश्रामस्थल, लैङ्गिकमैत्री शौचालय र सरसफाई के कस्तो छ लेख्ने) :

११.वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरेको वा नगरेको (यदि गरेको भए कार्य अवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपि संलग्न गर्ने) :

१२. विशेष प्राथमिकता समूह भए खुलाउने (सो प्रमाणित हुने कागजात पेश गर्ने) :

१३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन, ब्रान्डिङ्ग र प्याकेजिङ्ग कस्तो रहेको खुलाउने:

१४. उद्योगको नवप्रवर्तन स्तर कस्तो रहेको खुलाउने:

१५. उत्पादित वस्तुहरु निर्यात भए नभएको (निर्यात प्रमाणित हुने कागजात पेश गर्ने):

१६. उद्योगले पारेको सामाजिक/आर्थिक प्रभाव:

(क).

(ख).

१७. अन्य कुरा केही भए खुलाउने:

स्वघोषणा: मेरो/हाम्रो उद्योगले पछिल्लो २ (दुई) वर्षसम्म कुनै पनि सरकारी निकायबाट सम्मान/पुरस्कार प्राप्त नगरेको तथा माथी पेश गरिएका विवरणहरु सहि– साँचो हो भनि स्वघोषणा गर्दछु ।

(विवरण पेश गर्ने उद्यमीको दस्तखत)

..............................